# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७४/०३/२३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

डिभिजन सडक कार्यालय, नुवाकोटमा कार्यरत इन्जिनियर लालसिंह ऐरी समेतले चौलाने-गहत-आङ्गेगैरी सडक मर्मत कार्यको ठेक्काको काम सम्पन्न भई भुक्तानी लिन बांकी रहेको अन्तिम बिल भुक्तानी दिने क्रममा सेवाग्राहीसँग रु.१,२०,०००/- (एक लाख बिस हजार) घुस/रिसवत लिईसकेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले नियन्त्रणमा लिई बरामदी मुचुल्का साथ आयोगमा पेश भएका इन्जिनियर लालसिंह ऐरीलाई अभियोगपत्र साथ मिति २०७२।०३।०८ गते विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिसकेको र २०७२।०३।०२ मा सोही मुद्दाको सरकारी साक्षीको रुपमा पेश गरिएका सोही कार्यालयका इन्जिनियर सुविर राईले अदालत समक्ष बकपत्र गर्दा अनुसन्धान अधिकृतलाई पूर्ववत गरेको सहयोग प्रतिकुल हुने गरी झुठा बकपत्र गरेकोले निज सुविर राई उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ को प्रतिबन्धात्मक वाक्यांशको प्रावधान बमोजिम पुन: थप अनुसन्धान हुंदा निज सुविर राईले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) र सोही दफाको देहाय (घ) ले हुने सजाय अनुरुप भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता